# जामुने सामुदायिक वन उपभोक्ता समूह

## रैनादेवी छहरा गा.पा. वडा नं. ७, पाल्पा

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२।३।१५ — पाना १

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्र भित्र पर्ने सालभण्डी धुगुरेकुवा सडक आयोजनामा परेका रुखहरु कटान एवं संकलन भई उत्पादित काठ दाउरा रैनादेवी छहरा गाउपालिका -७ मा घाहगढिमा रहेको निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठको कारोबार गर्ने उद्देश्यले सम्बन्धित निकायमा सुचिकृत भएको स्थाई लेखा नम्बर (PAN) लिएको ब्यक्ती वा आयकर र मुल्य अभिबृद्धी कर (VAT) मा दर्ता भएको संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रभात राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दीको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ।

१ वन पैदावारको विवरण

| क्र. सं. | वन पैदावारको विवरण | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | जात | किसिम | ग्रेड | थान | परिमाण क्यू.फि. | न्यूनतम मूल्य | कटान मुछान खर्च | |
| १ | साल | गोलिया | ए | २९ | ६१९.४० | १२५०/ | | |
| २ | साल | गोलिया | बि | ९९ | ११३८.५८ | ९००/ | २०५/ | |
| ३ | साल | गोलिया | सि | ४२० | १९७१.०७ | ६००/ | | |
| ४ | साल | गोलिया | डि | १४० | १८६.८० | ३००/ | | |
| ५ | कर्मा | गोलिया | ए | ३ | ९४.४१ | ४००/ | | |
| ६ | कर्मा | गोलिया | बि | ४ | ३२.१७ | ३००/ | | |
| ७ | कर्मा | गोलिया | सि | ४ | ८.९७ | १००/ | | |
| ८ | अस्ना | गोलिया | सि | १६ | ४४.०६ | १००/ | | |
| ९ | टाटरी | गोलिया | - | ४ | ११.१६ | १००/ | | |
| १० | बाँझी | गोलिया | - | २५ | ९८.१० | १००/ | | |
| ११ | भद्रेजामुन | गोलिया | - | ११ | ४१.७९ | १००/ | | |
| १२ | भलायो | गोलिया | - | ५ | ९.८७ | १००/ | | |
| १३ | साल दाउरा | | | | १२ | १२०००/ | १५०००/ | |
| १४ | मिश्रीत दाउरा | | | | १.५ | ८०००/ | | |
| | | | | | | | | |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति: २०८२।०४।०३ (ख) समय १ बजेसम्म

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति: २०८२।०४।०४ (ख) समय १२ बजेसम्म

४. बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको साइन रेसुङ्गा डेभलपमेन्ट बैंक सालभण्डी शाखामा रहेको खाता नम्बर ०७२००१००५१४८८३००००१ मा नगद जम्मा गरेको संकलन भौचर वा बैंक ग्यारेन्टी समावेश हुनु पर्ने छ।

५. वोलपत्र फारामको रु.२०००। का दरले पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको उपरोक्त बमोजिमको बैंक खातामा जम्मा गरी उल्लेखित कागजातहरु सहित रित पुर्वकको निवेदनबाट माग गरी यस सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालय पाल्पाबाट खरिद गरि समुहमा दाखिला गर्नु पर्ने छ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको रैनादेवी छहरा-७ स्थित समूहको भवन कम्पाउण्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

७. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले काठको कारोवार गर्ने उद्देश्यले सम्वन्धित निकायमा सुचिकृत भएको कागजातको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्नेछ।

८. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरू मिति २०८२।०४।०५ मा ४ वजे साक्षीहरूको रोहवरमा खोलिने छ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र प्रक्रिया पुऱ्याई उठाइ लैजानु पर्नेछ।

१०. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

११. वोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ।

१२. थप जनकारीको लागी समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

अध्यक्ष